**एम. फिल./पिएच्.डी. एकीकृत कार्यक्रम (Blended Mode) मा २१औ व्याचको भर्ना सम्बन्धी सूचना २०८०/२०८१**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय अन्तर्गत सञ्चालन हुने एम. फिल. एकीकृत पिएच्.डी. कार्यक्रमको उल्लेखित विशिष्टीकरण विषयहरूमा शैक्षिक वर्ष २०८०/२०८१ का लागि नयाँ विद्यार्थी भर्ना निम्नानुसार हुने भएकाले सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सिट संख्या अधिकतम ७७ जना (प्रति विषय ११) हुनेछ र छनौटमा परेका व्यक्तिहरूलाई अध्ययन विदा आवश्यक पर्ने भएमा आफैंले मिलाउनु पर्नेछ।

विशिष्टीकरण विषयहरु :

१. शिक्षा अध्ययन २. अङ्ग्रेजी शिक्षा ३. गणित शिक्षा

४. स्वास्थ्य शिक्षा ५. नेपाली शिक्षा ६. सामाजिक अध्ययन शिक्षा

७. समावेशी शिक्षा

**[नोटः विशिष्टीकरण विषयमा प्रवेश पाउन आवश्यक योग्यता विषयगत रूपमा तोकिएको छ।]**

**आवेदन फाराम वितरण तथा भर्ना कार्यक्रम :**

१. आवेदन फाराम वितरण : २०८० फाल्गुन ०१ गते मंगलबार देखि २०८० चैत्र ०५ गते सोमबारसम्म (आवेदन फाराम वेबसाईटबाट पनि डाउनलोड गर्न सकिने छ। तर आवेदन फाराम बुझाउनको लागि भौतिक रुपमा नै उपस्थित भई हार्डकपी नै बुझाउनु पर्ने छ। आवेदन फारामसँगै २ ओटा लेख रचना ( प्रकाशित वा प्रकाशन योग्य) र १ ओटा अवधारणापत्र बुझाउनु पर्नेछ।)

२. आवेदन फाराम बुझाउने अन्तिम मिति : २०८० चैत्र ०५ गते सोमबारसम्म कार्यालय समयभित्र।

३. प्रवेश परीक्षा : २०८० चैत्र २५ गते आइतबार ( बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म)।

४. अर्न्तवार्ताको सूची प्रकाशन : २०८० चैत्र २५ गते आइतबार ।

५. अर्न्तवार्ता :२०८१ बैशाख ०२ गते आइतबार देखि ।

६. छनौटमा परेका विद्यार्थीहरूको नतिजा प्रकाशन : २०८१ बैशाख १० गते सोमबार ।

७. भर्ना मिति : २०८१ बैशाख १६ गते आइतबार देखि बैशाख मसान्त सम्म ।

८. कक्षा सञ्चालन : २०८१ जेष्ठ ०६ गते आइतबार देखि ।

प्रा.डा. बेदराज आचार्य

निर्देशक

**विस्तृत जानकरीको लागि सम्पर्क :**

ग्राजुएट स्कुल अफ एजुकेशन, कीर्तिपुर (प्रिन्सिपलको कार्यालयसँगै)

Website : www.gsetu.edu.np (Contact No: 014334189, 015906450)

इमेल : tumphil@gmail.com